नाम्खा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
याल्बाङ्ग हुम्ला

# विनयोजन ऐन , २०८२

नाम्खा गाउँपालिका, हुम्ला को आर्थिक बर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

गाउँसभा समक्ष पेश भएको मितिः २०८२/०३/१०
गाउँसभाबाट स्वीकृत भएको मितिः २०८२/०३/१०

प्रस्तावना,
नाम्खा गाउँपालिका, याल्बाङ्ग हुम्लाको २०८२/०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम नाम्खा गाउँपालिका, याल्बाङ्ग हुम्लाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१ संक्षिप्त नाम र प्रारम्भ
(१) यस ऐनको नाम 'नाम्खा गाउँपालिका हुम्लाको विनियोजन ऐन,२०८२ रहेको छ ।

(२) यो ऐन २०८२ श्रावण १ गते बाट लागु हुनेछ।

२. आर्थिक वर्ष २०८२/८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार (१) आर्थिक वर्ष २०८२/०८३ को निमित्त गाउँ कार्यपालिका, रकम खर्च गर्ने वडा समिति विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ३७,६८,५०,६५९ (अक्षेरुपी रुपैयाँ सैंतिस करोड, अठसठ्ठी लाख, पचास हजार छ सय उनान्साठ्ठी) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. विनियोजन.
(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/८३ को निमित्त नाम्खा गाउँपालिका, हुम्लाको गाउँ कार्यपालिका वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

तक्दिर लामा
उपाध्यक्ष



प्रेम बहादुर लामा
अध्यक्ष

देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

सभाध्यक्ष महोदय,

अब म यस आ व २०८२/०८३ को विनियोजन विधेयक तथा बजेट तथा कार्यक्रम यस सभासमक्ष पेश गर्ने गर्ने अनुमति चाहान्छु ।

| | | |
|---|---|---|
| | संघिय सरकार | |
| १ | वित्तिय सामानीकरण | ७,३२,००,००० |
| २ | सर्सत अनुदान चालु | ९,७३,००,००० |
| ३ | सशर्त अनुदान पुँजिगत | २,९३,००,००० |
| ३ | संघीय समपुरक अनुदान | ५०,००,००० |
| ४ | विशेष अनुदान | ५३,००,००० |
| ५ | राजश्व बाँडफाँट | ८,०९,५९,००० |
| | जम्मा | २९,१०,५८,००० |
| | प्रदेश सरकार | |
| १ | वित्तिय सामानीकरण | ६६,५३,००० |
| २ | सर्सत अनुदान चालु र पुँजिगत | १,७९,८७,००० |
| ३ | संघीय समपुरक अनुदान | ७७,००,००० |
| ४ | विशेष अनुदान | ५६,००,००० |
| ५ | राजश्व बाँडफाँट | १५,००,००० |
| | जम्मा | ३,९४,४०,००० |

### गाउँपालिकाको अनुमानित आम्दानी

| क्र.स. | आम्दानी स्रोत | रकम |
|---|---|---|
| १ | राजस्व संकलनबाट | २०,००,००० |
| २ | अनुमानीत अल्या रकम | १,५०,००,००० |
| ३ | कुल जम्मा | १,७०,००,००० |

### गाउँपालिकामा कुल जम्मा हुन आएको अनुमानित बजेट

| क्र.स. | आम्दानीको क्षेत्रगत प्राप्त बजेट | विनियोजित रकम |
|---|---|---|
| १ | संघिय सरकारबाट | २९,१०,५८,००० |
| २ | प्रदेश सरकारबाट | ३,९४,४०,००० |
| ३ | गा.पा.को अनुमानित आय | १,७०,००,००० |
| ४ | विभिन्न संघसंस्था(NGO तथा INGO)बाट प्राप्त हुने रकम | २,९३,५२,६५९ |
| ५ | कुल जम्मा अनुमानित रकम | ३७,६८,५०,६५९ |

यस गाउँपालिकाको आ व २०८२।०८३ को कुल बजेट

| सि नं | बेजेट शिर्षक | चालु | पुँजिगत | जम्मा |
|---|---|---|---|---|
| १ | चालु | २४,४०,९७,६५९ | १३,२७,५३,००० | ३७,६८,५०,६५९ |
| | | | | |

लक्जिदर लामा
उपाध्यक्ष

प्रेम बहादुर लामा
अध्यक्ष

साझेदारी गरेका गैरसरकारी संस्थाहरु तर्फको बजेट :

| सि नं | गैरसरकार संस्थाको नाम | कार्य क्षेत्र | अनुमानित रकम |
|---|---|---|---|
| १ | आधार नेपाल | शिक्षा | ९७,३८,६५९ |
| २ | उकाली | वन्यजन्तु | ५०,००,००० |
| ३ | हेड नेपाल | अपांग | ५०,००,००० |
| ४ | हिमाली वाल समाज | बालबालिका | ५४,००,००० |
| ५ | कैलास मानसरोवर वालसमाज (KMCS) | वालबालिका | ७५,००,००० |
| ६ | स्नोल्याण्ड एकृकित विकास केन्द्र(SIDC) | स्वास्थ्य सुधार | १२,१४,००० |
| | जम्मा | | २,९३,५२,६५९ |

लक्बिदर लामा
उपाध्यक्ष

प्रेम बहादुर लामा
अध्यक्ष